सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
CDS and Clearing Ltd

**पत्र संख्या : २०७७/७८**
**चलानी नं. :**

## सार्वजनिक निष्कासन भएका धितोपत्रको बाँडफाँटको नतिजा हेर्नका लागि वेभ पोर्टल सञ्चालन गरिएको सूचना !!!

सार्वजनिक निष्कासन भएका धितोपत्रको बाँडफाँटको नतिजा सम्बन्धित निष्कासनकर्ता कम्पनी र निष्कासन तथा विक्री प्रबन्धकको वेभ साइटमा राख्ने प्रबन्ध मिलाइएको व्यहोरा सर्व विदितै छ। सो अनुरूप महिला लघुवित्त वित्तीय संस्था लिमिटेड को बाँडफाँटको नतिजा सो कम्पनी तथा उक्त सार्वजनिक निष्कासनको निष्कासन तथा विक्री प्रबन्धक नेपाल एसविआई मर्चेन्ट बैङ्किग लि. को वेभ साइटमा राखिएको मा लगानीकर्ताको अत्याधिक चापका कारण दुवै वेभ साइटले काम गर्न नसकेको र सो को कारण सम्पूर्ण लगानीकर्ताको चाप मेरो शेयरमा पर्न गई मेरो शेयर मार्फत प्रदान गरिएको अन्य सेवाहरू समेत प्रभावित हुन गएकोले सार्वजनिक निष्कासन भएका धितोपत्रको बाँडफाँटको नतिजा हेर्नका लागि छुट्टै वेभ पोर्टल https://iporesult.cdsc.com.np/ सञ्चालनमा ल्याइएको व्यहोरा जानकारी गराइन्छ।

सार्वजनिक निष्कासनको नतिजा मात्र राखिने उक्त पोर्टल सुरक्षित, छरितो तथा धेरै लगानीकर्ताले एकसाथ प्रयोग गर्दा समेत सहज रूपमा सञ्चालन गर्न सकिने गरि उच्च क्षमतामा तयार गरिएको छ। सो पोर्टलमा लगानीकर्ताले सार्वजनिक निष्कासन भएका धितोपत्रको बाँडफाँट को नतिजा बाँडफाँट सम्पन्न हुने वित्तिकै यथाशीघ्र सहज रूपमा हेर्न सक्ने छन्। सो पोर्टलमा हाल महिला लघुवित्त वित्तीय संस्था लिमिटेडको बाँडफाँटको नतिजा अपलोड गरि सकिएकोले सो ठेगानामा गई आफ्नो नतिजा हेर्न सम्पूर्ण लगानीकर्तालाई अनुरोध गरिन्छ।

पुनश्च, बाँडफाँट हेर्ने लगानीकर्ताको चापका कारण मेरो शेयरमा समस्या आई e-DIS सेवा प्रभावित भएकोले मिति २०७७।११।१३ गते कारोबार भई २०७७।११।१६ गते हुने राफसाफ तथा फछ्र्यौट हुने कारोबारको e-DIS प्रविष्टि गर्न सकिने समयावधि २०७७।११।१६ गते बिहान ७ बजे सम्मका लागि कायम गरिएको जानकारी गराइन्छ।

मितिः २०७७।११।१५ गते

शेयर मार्केट्स कमर्सियल कम्प्लेक्स, पुतलीसडक, काठमाडौं, नेपाल।
Share Markets Commercial Complex, Putalisadak, Kathmandu, Nepal.
Tel.: +977-1-4260386/4216068/4260783, Fax: +977-1-4240357
Email: info@cdsc.com.np, Website: www.cdsc.com.np